फोन नं. ०७६-५५०१४५

# श्री जनता माध्यमिक विद्यालय
## Shree Janata Secondary School

बाणगंगा न.पा.-२, पिपरा, कपिलवस्तु
Banganga-2, Pipara, Kapilvastu
स्था. २०१८ (Estd. 2018)

पत्र संख्या :०८२।०८३
चलानी नम्बर :४०५

मिति : २०८३।०२।१५

### दरभाउपत्र आह्वान सम्बन्धी सूचना

यस जनता मा.वि का लागि आवश्यक फाइबर डेस्क बेन्च खरिद गर्नुपर्ने भएकाले इजाजत प्राप्त फर्म, सप्लायर्स तथा कम्पनीहरूबाट देहाय बमोजिमको विवरण अनुसार सिलबन्दी दरभाउ पेश गर्न सम्बन्धित सबैको जानकारीका लागि यो सूचना प्रकाशित गरिएको छ ।

### आवश्यक सामग्रीको विवरण

फाइबर डेस्क बेन्च सेट : ३० (तीस) ओटा ५.५ फुट

**प्राविधिक स्पेसिफिकेशन**

- पाइप : १" x१ " बर्गाकार, २ mm मोटाइको हुनुपर्ने ।
- पत्ती : २०" x ५" साइजको, झोला राख्ने भागमा प्रयोग गरिएको हुनुपर्ने ।
- फाइबरको मोटाइ : ३-३.५ mm को हुनुपर्ने ।
- चारै खुट्टामा गुणस्तरीय प्लास्टिक रबर क्याप जडान गरिएको हुनुपर्ने ।
- झोला राख्ने र्‍याकमा २०x १" x ५ को ग्रिल पत्ती प्रयोग गरिएको हुनुपर्ने ।
- सम्पूर्ण डेस्क बेन्चमा प्राइमर तथा कालो रंगको इनामेल पेन्ट गरिएको हुनुपर्ने ।

**आवश्यक सर्तहरू**

१. दरभाउपत्रदाताले प्रस्ताव गरेको दररेट अंक तथा अक्षर दुवैमा स्पष्ट रूपमा उल्लेख गरेको हुनुपर्नेछ ।
२. दरभाउपत्र फाराममा उल्लेखित सम्पूर्ण सर्त तथा निर्देशनहरूको पूर्ण पालना गर्नुपर्नेछ ।
३. म्याद नाघी प्राप्त भएका, रीत नपुगेका वा कुनै अतिरिक्त सर्त राखी पेश गरिएका दरभाउपत्रहरू स्वतः अमान्य हुनेछन् ।
४. खरिद गरिने डेक्स वेन्च सूचनामा उल्लेख भएअनुसारकै गुणस्तर, प्रकार र विवरणअनुसार हुनुपर्नेछ । फरक विवरण वा गुणस्तरका सामग्री स्वीकार गरिने छैन ।
५. यस सूचनामा उल्लेख हुन छुट भएका विषयहरू सार्वजनिक खरिद ऐन, २०६३, सार्वजनिक खरिद नियमावली, २०६४ (संशोधनसहित) तथा प्रचलित नेपाल कानून बमोजिम हुनेछ ।
६. प्राप्त दरभाउपत्र स्वीकृत गर्ने, आंशिक रूपमा स्वीकृत गर्ने वा अस्वीकृत गर्ने सम्पूर्ण अधिकार यस विद्यालयमा सुरक्षित रहनेछ ।

दरभाउपत्र सम्बन्धी थप जानकारीका लागि विद्यालय प्रशासन शाखामा कार्यालय समयमा सम्पर्क गर्न सकिनेछ ।

रमेश पन्थी
प्रधानाध्यापक
श्री जनता मा.वि.
बाणगंगा-२, पिपरा, कपिलवस्तु